## साँगुरीगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भेडेटार, धनकुटा
१ नं. प्रदेश, नेपाल

# नदीजन्य पदार्थ बिक्री कर संकलन गर्ने सम्बन्धी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७/०६/१२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क. र प्रदेश आर्थिक ऐन, २०७७ को दफा ८ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी प्रदेशले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुकफर्म वा कम्पनीहरूले फर्मको नविकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब.२०७६/०७७ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागारिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न गरी तपशिल बमोजिमका शर्तहरूको अधिनमा रही दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

| सि.नं. | सूचना नं./बोलपत्र नं. | दरभाउपत्रको नाम | उत्खनन परिमाण (घन.फिट) | न्यूनतम बोलपत्र रकम(सेवा शुल्क र मु.अ.कर बाहेक) | धरौटी रकम रू. | बोलपत्र दस्तुर रू. |
|---|---|---|---|---|---|---|
| १ | SRM/Rajaswa /03/2077/078 | Internal revenue collection of river based materials (Stone, Gravel, Aggregate and Sand) of KokahaKhola in Sangurigadhi Rural Municipality, Dhankuta | Stone, Gravel, Aggregate : 138000.00Cft<br>Sand: 246700.00 Cft | 19,99,825.00 | १,००,०००.०० वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत | १०००।०० |

शर्तहरूः

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र ,आ.ब.२०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र नेपाल बंगलादेश बैंक लि.शाखा कार्यालय साँगुरीगढीमा रहेको यस कार्यालयको खाता नं. ०५२००००४४१ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १६ औ दिनको कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।साथै दरभाउपत्र दाताले यस कार्यालयको वेव साइट www.sangurigadhimun.gov.np बाट दरभाउपत्र सम्बन्धी कागजातहारू डाउनलोड गर्न सक्ने व्यवस्था गरिएको छ ।तोकिएको दरभाउपत्र दस्तुर यस कार्यायलको बैंक खातामा माथि उल्लिखित खाता नं. मा जम्मा गरेको भौचरलाई दरभाउपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नु पर्नेछ ।दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो लगत्तै पछिको कार्यालय खोल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. दरभाउत्र सम्बन्धी फारम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।माथी उल्लिखित धरौटी रकम यस कार्यालयको नेपाल बंगलादेश बैंक लि. साँगुरीगढी शाखामा रहेको धरौटी खाता नं. ०५२००००८४१ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त क बर्गको बैंक बाट यस कार्यायलको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको विड वण्ड को प्रतिलिपी पेश गर्नु पर्नेछ ।

३.खरिद गरेको दरभाउपत्र फारामहरूमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औ दिन दिनको १२.०० बजे भित्र पेश गरि सक्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन ।रीत पूर्वक पर्न आएका दरभाउपत्र सम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको २.०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधीहरूको रोहोवरमा यस कार्यालयमा खोलिनेछ।साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी दरभाउपत्र सम्बन्धी फाररमा उल्लेख गरिएको हुदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन ।दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. दरभाउपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ ।दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०७८ साल जेष्ठ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड ) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ ।साथै बोलपत्र कबोल गर्ने फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ % भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ ।नियमानुसार नेपाल सरकारलाई आय कर तथा अन्य बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७.तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ ।यस गाँउपालिकाका नदी तथा नदीहरूको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ ।साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत